कार्यविधि संख्या : ....................

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : .....................

# जनयुद्धका शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि, २०८०

बाँफिकोट गाउँपालिका, रुकुम (पश्चिम)

कर्णाली प्रदेश

श्री जनक कुमार बाँठ मगर
अध्यक्ष

# जनयुद्धका शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि, २०८०

**प्रस्तावना :**

बाँफिकोट गाउँपालिकाको सातौं गाउँसभाद्वारा आ.व. २०८०/०८१ मा कार्यान्वयन गर्न विनियोजन गरिएको गाउँपालिका भित्रका नेपालको जनयुद्ध तथा जनआन्दोलनको क्रममा जनयुद्धका शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण गर्न यस अघि संघ र प्रदेशले यस प्रकारको कार्यविधि कार्यान्वयनमा नल्याएको अवस्थामा सो कार्यलाई व्यवस्थित गर्न बान्छनीय भएकोले, बाँफिकोट कार्यपालिकाले जनयुद्धका शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि, **२०८० तयार गरको छ ।**

**यो कार्यविधि बाँफीकोट गाउँकार्यपालिकाको बैठकले पारित गरेको मितिदेखि लागू हुने छ ।**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम जनयुद्धका शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)"अध्यक्ष" भन्नाले बाँफिकोट गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले बाँफिकोट गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बाँफिकोट गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले बाँफिकोट गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "वडाध्यक्ष" भन्नाले बाँफीकोट गाउँपालिका भित्रको वडाको अध्यक्ष सम्झनुपर्छ ।

(च) कार्यपालिका सदस्य भन्नाले बाँफीकोट गाउँकार्यपालिकाको सदस्य सम्झनु पर्छ ।

(छ)"वडासचिव" भन्नाले बाँफीकोट गाउँपालिका भित्रको वडाको सचिव सम्झनुपर्छ ।

(ज) उपचार तथा निर्बाह भत्ता भन्नाले यस कार्यविधि बमोजिम उपलब्ध हुने रकम सम्झनुपर्छ ।

(झ) "बैंक" भन्नाले गाउँपालिकाको आर्थिक कारोबार भैरहेको बैंक सम्झनुपर्छ ।

(ञ) "लाभग्राही" भन्नाले कार्यविधि बमोजिम भत्ता प्राप्त गर्ने व्यक्तिलाई सम्झनु पर्छ । शहीद वेपत्ता व्यक्तिको हकमा उक्त व्यक्तिको पति पत्नी निज नभए निजका छोरा वा अविवाहित छोरी र निजहरु नभए आमा वा बुवा लाइ लाभग्राही मानिनेछ ।

ट) **"शहीद परिवार तथा घाईते अपांग" भन्नाले** नेपालको जनयुद्धको क्रममा भएका शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिलाई **सम्झनु पर्दछ ।**

**३.भत्ता प्राप्त गर्न सक्ने**

**१)** बाँफिकोट गाउँपालिका भित्रका नेपालको जनयुद्धको क्रममा भएका शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिले भत्ता प्राप्त गर्न सक्ने छन् ।

२)उपदफा १ बमोजिमको नेपालको जनयुद्धको क्रममा भएका शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिहरुलाई भत्ता गाउँकार्यपालिकाको कार्यालयबाट वितरण हुने छ ।

**४. सूचना प्रकाशन गर्नु पर्ने**

श्री जनक कुमार बाँठा मगर
अध्यक्ष

यस कार्यविधि बमोजिमको नेपालको जनयुद्धको क्रममा भएका शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिले भत्ता प्राप्त गर्नका लागि १५ दिन भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिन गाउँकार्यपालिकाले स्थानीय पत्र पत्रिका, एफएम रेडियो र अन्य सञ्चार माध्यममा सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नुपर्ने छ। यो सूचना गाउँकार्यपालिकाले वेभसाइडमा समेत राख्नु पर्ने छ।

**५. निवेदन दिनु पर्ने**

१) योग्यता पुगेका नेपालको जनयुद्धको क्रममा भएका शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिले भत्ता प्राप्त गर्न देहाय बमोजिमका कागजात सहित अनुसूचि १ बमोजिमको डाँचामा दफा ३ बमोजिमको सूचनामा तोकिएको समयावधि भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्ने छ।

**शहिद परिवारको हकमा**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) शहीद परिवारको परिचयपत्रको प्रतिलिपि वा राजपत्रमा प्रकाशित विवरण

ग) शहीद सँगको नाता प्रमाणित पत्र

घ)सम्बन्धित व्यक्तिको खाता नम्बर प्रष्ट देखिने बैंक चेकको प्रतिलिपि

**घाइते अपागंको हकमा**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

ख) घाईते तथा अपांग परिचय पत्रको प्रतिलिपि वा गोली,बम, छर्रा लागि चोट पुगेको हाल शरीरमा गोली रहे नरहेको भनी नेपाल मेडिकल काउन्सिलमा दर्ता रहेको सरकारी चिकित्सकको प्रमाणित सिफारिस

ग) सम्बन्धित व्यक्तिको खाता नम्बर प्रष्ट देखिने बैंक चेकको प्रतिलिपि

२) उपदफा १ बमोजिमको निवेदन प्राप्त भए पश्चात सम्बन्धित वडा कार्यालयले शहीदहरुका परिवार तथा घाईते तथा अपांग भई वडा कार्यालयबाट सिफारिस भई गाउँ कार्यपालिकामा सूचीकृत भएका व्यक्तिले भत्ता पाउन सक्ने व्यक्तिहरुको विवरण तयार गरी अनुसूचि २ र ३ बमोजिमको ढाँचामा गाउँकार्यपालिकाको कार्यालयमा पठाउनु पर्ने छ।

**६. भत्ता वितरण गर्नुपर्ने**

गाउँकार्यपालिकाको कार्यालयले विवरण अध्यावधिक गरी दफा ४ को उप दफा २ बमोजिम को विवरणका व्यक्तिहरुलाई बैंक खाता मार्फत रकम वितरण गर्नु पर्ने छ।

**७. अनुगमन गर्न सक्ने :**

**नेपाल सरकारले उपलब्ध गराएका अन्य कुनै सुविधा सँग दोहरो नपर्ने गरी वितरण भए नभएको विषयमा गाउँकार्यपालिकाको कार्यालयले अनुगमन गर्न सक्नेछ।**

**८. संशोधन तथा खारेजी**

संघीय र प्रदेश कानूनसँग बाझिएमा वा गाउँकार्यपालिकाको बैठकको निर्णयले मात्र संशोधन तथा खारेजी गर्न सक्नेछ।

श्री जनक कुमार बाँठा मगर
अध्यक्ष

अनुसूचि १

(दफा ५ को उपदफा १ सँग सम्बन्धित)

शहीद परिवार तथा घाईते अपांग ब्यक्तिले भत्ता प्राप्तीका लागि दिने निवेदनको ढाँचा

मिति २०८०/.../....

श्री.....................................

....................................

विषय: शहीद परिवार/ घाईते अपांग भत्ता उपलब्ध गराई पाउँ ।

बाँफीकोट गाउँपालिकाले जारी गरेको शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि २०८० बमोजिम भत्ता उपलब्ध गराईदिनु हुन देहायका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

संलग्न कागजात:

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि

२) शहीद परिवार वेपत्ता भनी राजपत्रमा प्रकाशित विवरण वा घाईते तथा अपांग परिचय पत्रको प्रतिलिपि वा गोली,बम, छर्रा लागि चोट पुगी हाल शरीरमा रहेको गोली रहे नरहेको भनी नेपाल मेडिकल काउन्सिलमा दर्ता रहेको सरकारी चिकित्सकको प्रमाणित सिफारिस ३) सम्बन्धित ब्यक्तिको खाता नम्बर प्रष्ट देखिने **बाँफिकोट गाउँपालिकाको सरकारी कारोबार भएको बैकको चेकको प्रतिलिपि**

हस्ताक्षर:...............................

नाम :................................

ठेगाना :...............................

सम्पर्क फोन नं...........................

| वडा कार्यालयको सिफारिसको ब्यहोरा |
|---|
| सिफारिस गर्ने वडाध्यक्षको नामथर सही |

श्री जनक कुमार बाँठा मगर
अध्यक्ष

## अनुसूचि २

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

वडा कार्यालयले गाउकार्यँपालिकामा पठाउनु पर्ने विवरणको ढाँचा

मिति २०८०/..../..

बाँफिकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाँफिकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, २०७३

श्री गाउँकार्यपालिकाको कार्यालय,
बाँफीकोट, रुकुम(पश्चिम) ।

विषयः शहीद परिवारको विवरण पठाईएको ।

शहीद परिवार, घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि २०८० बमोजिम शहीद परिवार, को शहीद स्मृति भत्ता प्राप्तिको लागि यस वडा कार्यालयमा रहेका शहीद परिवार, तथा निजका हकवालाको ब्यक्तिहरुको विवरणमा पठाईएको ब्यहोरा अनुरोध छ ।

शहीद परिवारका हकवाला ब्यक्तिहरुको विवरण

| क्र.सं. | | शहीद परिवारका ब्यक्तिहरुको विवरणमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | शहीदको हकवालाको नामथर | शहीदसँगको नाता | जन्म मिति | ना.प्र.प.नं जारीमिति जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | प्रदान गरिने रकम | बैंकको नाम | खाता नं. |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

...............................
वडासचिवको नाम
दस्तखत

श्री जनक कुमार बाँठा मगर
अध्यक्ष

## अनुसूचि ३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

वडा कार्यालयले गाउकार्यँपालिकामा पठाउनु पर्ने विवरणको ढाँचा

मिति २०८०/..../...

श्री गाउँकार्यपालिकाको कार्यालय,
बाँफीकोट, रुकुम(पश्चिम) ।

विषय: ा घाईते अपांगहरुको विवरण पठाईएको ।

घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग वितरण कार्यविधि २०८० बमोजिम घाईते अपांगको जीवन निर्बाह भत्ता तथा उपचार सहयोग प्राप्तिको लागि यस वडा कार्यालयमा रहेका घाईते अपांग व्यक्तिहरुको विवरणमा पठाईएको व्यहोरा अनुरोध छ ।

घाईते अपांग व्यक्तिहरुको विवरण

| क्र.सं. | घाईते अपांग व्यक्तिहरुको विवरणमा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | घाइतेको नामथर | जन्म मिति | ना.प्र.प.नं जारीमिति जिल्ला | बाजेको नाम | बाबुको नाम | आमाको नाम | प्रदान गरिने रकम | बैंकको नाम | खाता नं. |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

..............................
वडासचिवको नाम
दस्तखत

श्री जनक कुमार बाँठ मगर
अध्यक्ष